# भाग ५

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच सम्पन्न भएको नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको व्यापार, आपसी सम्बन्ध र तत्सम्बन्धी प्रश्नहरू सम्बन्धी सम्झौता सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच सम्पन्न भएको नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको व्यापार, आपसी सम्बन्ध र तत्सम्बन्धी प्रश्नहरू सम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार दुई देश बीच मैत्री तथा सुमधुर छिमेकीपनाको सम्बन्धलाई उत्तरोत्तर विकास गर्न इच्छुक भएर, निम्न पाँच सिद्धान्तहरू:-

१. एक अर्काको सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई आपसमा आदर गर्ने,

२. आपसी अनाक्रमण,

३. एक अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने,

४. समानता र आपसी हित, र

५. शान्तिपूर्ण सह-अस्तित्व

लाई दुई देश बीचको सम्बन्धलाई मार्गदर्शन गर्ने आधारभूत सिद्धान्तको रूपमा पुनः स्वीकार गर्दै,

यी सिद्धान्तहरूको आधारमा दुई देशका जनताहरूको बीच विशेष गरेर नेपाली जनता र चीनको स्वशासित क्षेत्र तिब्बतका बासिन्दा बीच परम्परागत मैत्री सम्बन्धलाई विकास गर्ने इच्छा गर्दै,

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच भएको नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको व्यापार, आपसी सम्बन्ध र तत्सम्बन्धी प्रश्नहरू सम्बन्धी २ मे, १९६६ मा दुई सरकारहरूबाट हस्ताक्षर भएको सम्झौताको आधारमा वर्तमान सम्झौता गर्न सहमत भएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962

मैत्रीपूर्ण सरसल्लाह पछि दुई सरकारहरू देहाय बमोजिम गर्न सहमत भएका छन्:–

धारा–१

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीच व्यक्तिहरूको आवागमन देहाय बमोजिमका प्रावधानहरूबाट नियमित गर्ने कुरामा दुई सरकारहरू सहमत भएका छन्:

१. एक देशबाट अर्को देशमा जाने कूटनैतिक अधिकारी, निजामती कर्मचारीहरू र अन्य नागरिकहरू (यस धाराको प्रकरण २, ३, ५ र ६ अन्तर्गत पर्ने बाहेक) ले आफ्नो देशबाट जारी गरिएको वैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा (भिसा) लिनु पर्नेछ । तेस्रो देशबाट नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत प्रवेश गर्ने प्रत्येक देशका नागरिकहरूले पनि आफ्नो देशबाट जारी गरिएको वैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा लिनु पर्नेछ ।

२. परम्परादेखि र विशेष गरी नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको व्यापारमा संलग्न रहेका प्रत्येक देशका व्यापारीहरू (यस धाराको प्रकरण ३ अन्तर्गत नपर्नेहरू), तिनीहरूका श्रीमती र जीविकाको लागि तिनीहरूमा निर्भर रहेका केटाकेटीहरू र तिनीहरूका नोकर चाकरहरूले आफ्नो देशबाट जारी गरिएको वैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा वा आ-आफ्ना सरकार वा रीतपूर्वकको आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्रहरू लिनु पर्नेछ ।

३. खुद्रा व्यापार सञ्चालन गर्न, मित्र वा नातेदारहरूसंग भेटघाट गर्न वा ऋतु अनुकूल बसोवास फेर्न अर्को सीमावर्ती जिल्लामा प्रवेश गर्न प्रत्येक पक्षबाट भविष्यमा तोकिने सीमावर्ती जिल्लाका बासिन्दाहरू (यसपछि सीमावर्ती बासिन्दा भनिएका) ले सम्बन्धित अधिकारीबाट जारी गरिएका सीमावर्ती बासिन्दाको प्रमाणपत्रहरू लिनु पर्नेछ र सीमावर्ती जिल्लाहरूमा कुनै कार्य गर्नु अघि अर्को देशको सीमावर्ती चौकी वा प्रवेशको पहिलो आधिकारिक सरकारी निकायमा दर्ता गर्नु पर्नेछ । तर त्यस्तो तोकिने कार्य सम्पन्न नहुन्जेलसम्म विद्यमान प्रचलनहरू कायम रहनेछन् । तर तिनीहरूलाई अर्को देशको भित्री क्षेत्रमा प्रवेश गर्न भने अनुमति दिइनेछैन ।

४. अर्को देशको सीमावर्ती जिल्ला बाहिर यात्रा गर्ने सीमावर्ती बासिन्दाहरू र अन्य नागरिकहरूले आफ्नो देशबाट जारी गरिएको वैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा लिनु पर्नेछ ।

५. तीर्थ यात्राको उद्देश्यको लागि यात्रा गर्ने प्रत्येक देशका धर्मावलम्बीमध्ये, अर्को देशको सीमावर्ती जिल्लाभित्र यात्रा गर्ने सीमावर्ती जिल्लाका बासिन्दाहरूले सीमावर्ती बासिन्दा प्रमाणपत्र लिनु पर्नेछ, अर्को देशको सीमावर्ती जिल्ला बाहिर यात्रा गर्ने र सीमावर्ती जिल्ला बासिन्दा नभएका व्यक्तिहरूले आ-आफ्नो देशबाट जारी गरिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९७६६

वैध राहदानी र अर्को देशबाट जारी गरिएको प्रवेशाज्ञा वा आ-आफ्ना देशका स्थानीय प्रशासनद्वारा तीर्थ यात्राको लागि जारी गरिएको प्रमाणपत्र लिनु पर्नेछ। प्रत्येक देशका धर्मावलम्बीहरूले अर्को देशको सीमावर्ती चौकी वा प्रवेशको पहिलो आधिकारिक सरकारी निकायमा दर्ता गर्नु पर्नेछ र तीर्थ यात्राको लागि अनुमति प्राप्त गर्नु पर्नेछ।

६. प्रत्येक देशका भरियाहरू, खच्चरवालाहरू, सवारी चालकहरू र मिस्त्रीहरूले सीमावर्ती बासिन्दा प्रमाणपत्रहरू वा एक वर्षभन्दा बढी अवधिको लागि बहाल नरहने आ-आफ्नो देशका स्थानीय प्रशासन वा रीतपूर्वकको आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्र लिनु पर्नेछ र अर्को देशको सीमावर्ती चौकीमा दर्ता गर्नु पर्नेछ । अनुमति प्राप्त भएपछि तिनीहरूले तोकिएको क्षेत्रभित्र आफ्नो कार्य सञ्चालन गर्न सक्नेछन् । प्रत्येक देशका मोटर सवारीहरू अर्को देशको अनुमति प्राप्त भएपछि त्यस देशको उपयुक्त स्थानमा प्रवेश गर्न सक्नेछन् ।

७. दुवै देशका सीमावर्ती बासिन्दाहरूले सीमा पार गरी यात्रा गर्दा सीमा प्रशासनको स्थानीय अधिकारीद्वारा तोकिएको मार्ग र प्रवेश स्थान प्रयोग गर्नु पर्नेछ ।

८. दुवै देशका सरकारी अधिकृतहरू, तीर्थ यात्रीहरू, व्यापारीहरू र पर्यटकहरूले सामान्य र मनासिब भाडामा परिवहनका साधनहरू प्रयोग गर्ने सुविधा पाउनेछन् ।

९. यस धाराको माथिका प्रकरणहरूमा जुनसुकै प्रावधान भए तापनि आवश्यक देखिएमा कुनै खास व्यक्तिलाई कुनै पनि सरकारले आफ्नो इलाकामा प्रवेश दिन इन्कार गर्न सक्नेछ ।

१०. यस धाराको माथिका प्रकरणहरू बमोजिम अर्को देशको भूमिमा प्रवेश गर्ने प्रत्येक देशका नागरिकहरू त्यस देशद्वारा तोकिएको कार्यविधिलाई पूरा गरेपछि मात्र त्यस देशको भूमिमा रहन सक्नेछन् ।

## धारा–२

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको तीर्थ यात्रालाई कायम राख्न दुई सरकारहरू मञ्जूर गर्दछन् र यस प्रयोजनको लागि देहाय बमोजिमको प्रावधानमा सहमत भएका छन् :

१. कुनै पनि देशका सम्बन्धित स्थानीय अधिकारीहरूले अर्को देशबाट आएका तीर्थ यात्रीहरूको आफ्नो भूमिमा हुने प्रवेश र त्यहाँबाट हुने प्रस्थानलाई सकेसम्म सुविधाजनक पार्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
966

२. प्रत्येक देशका तीर्थ यात्रीहरूले अर्को देशको भूमिमा प्रवेश गर्दा वा छोड्दा वर्तमान सम्झौताको धारा १ को प्रकरण ५ मा तोकिएको कार्यविधिलाई पालन गर्नु पर्नेछ ।

३. प्रत्येक देशको कानूनले तोके बमोजिम र तीर्थ यात्रीहरूद्वारा तीर्थ यात्राको लागि ल्याइएका निजी झिटी गुण्टा तथा वस्तुहरूमा दुवै सरकारद्वारा महसुल छुट दिइनेछ ।

धारा–३

आपसी सहमति भएको कार्यविधिको अधीनमा रही व्यापार, पर्यटन तथा अन्य क्षेत्रमा दुई देश बीच सहयोगको विकास गर्नको लागि पारस्परिकताको आधारमा ल्हासा-काठमाडौं राजमार्गलाई पूर्णरूपले उपयोग गर्न दुई सरकारहरू मञ्जूर गर्दछन् ।

धारा–४

एक देशका नागरिकहरू अर्को देशको भूमिमा शान्तिपूर्वक रहने र सामान्य उद्यम गर्न पाउने कुरा निश्चित गर्न र दुई देश बीचको मित्रताको विकासलाई प्रवर्द्धन गर्न दुई सरकारहरू देहाय बमोजिम गर्न सहमत भएका छन् :

१. प्रत्येक सरकारले आफ्नो भूमिमा अर्को देशका नागरिकहरूको जीउ, धन र कानूनी अधिकारको संरक्षण गर्नेछन् ।

२. प्रत्येक देशका नागरिकहरूले अर्को देशको भूमिमा अनुमति वा आपसी सहमति विना पशु चराउने, खेती गर्ने, शिकार खेल्ने, रूखहरू काट्ने र औषधोपयोगी जडिबुटीहरू टिप्ने जस्ता कार्यहरूमा संलग्न हुन पाउनेछैनन् ।

३. एक देशका नागरिकहरू अर्काको भूमिमा आतिथ्य प्रदान गर्ने देशको सरकारको क्षेत्राधिकार अन्तर्गत रहनेछन् र त्यसको कानून नियमको पालना, कर तिर्ने र स्थानीय प्रथाहरूको आदर गर्नेछन् ।

४. एक देशको नागरिक संलग्न रहेको अर्को देशको भूमिमा भएको सम्पूर्ण देवानी र फौज्दारी मुद्दाहरू वा विवादहरू आतिथ्यता प्रदान गर्ने देशको सरकारले हेर्नेछ ।

५. प्रत्येक देशका पशु, बिरूवा र तिनीहरूका उत्पादन देश बाहिर ल्याइनुअघि रोग निरोधात्मक कार्य (क्वाराइन्टाइन) गर्नु पर्ने र आतिथ्यता प्रदान गर्ने देशको रोग निरोधात्मक नियमहरूलाई त्यस्ता वस्तुहरू उसको भूमिमा ल्याएपछि जागरूकताका साथ पालना गर्नु पर्नेछ ।

धारा–५

१. नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको आर्थिक तथा व्यापारिक सम्बन्ध विकासलाई दुई सरकारहरूले प्रोत्साहन र समर्थन गर्नेछन् । प्रत्येक देशका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित अधिकारीहरूले आफ्नो भूमिमा अर्को देशका व्यापारीहरूको कानूनी हितलाई संरक्षण गर्नेछन् र तिनीहरूको व्यापारिक कार्यलाई सजिलो पार्ने छन् । प्रत्येक देशका व्यापारीहरूले अर्कोको भूमिमा सम्बन्धित कानून तथा नियमलाई पालना गर्नुपर्छ र तिनीहरू आतिथ्यता प्रदान गर्ने देशको क्षेत्राधिकार अन्तर्गत रहनेछन् ।

२. दुई सरकारहरूले नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको सीमा पारमा हुने परम्परागत खुद्रा व्यापारको प्रवर्द्धन गर्नुपर्छ । व्यापार सञ्चालन गर्दा कुनै पनि देशका सीमावर्ती बासिन्दा र व्यापारीहरूले अर्को देशको सम्बन्धित स्थानीय अधिकारीद्वारा तोकिएको स्थान र मार्गद्वारा प्रवेश र प्रस्थान गर्नु पर्नेछ र तोकिएका स्थानहरूमा व्यापारमा संलग्न रहनु पर्नेछ । सम्बन्धित स्थानीय अधिकारीले वस्तु विनिमयमा आधारित जस्तो सामान्य खुद्रा व्यापारमा संलग्न अर्को देशका सीमावर्ती बासिन्दाहरूलाई सुविधा र संरक्षण दिनुपर्छ ।

धारा–६

दुई सरकारहरूले पर्यटन तथा आर्थिक एवं प्राविधिक सहयोगको विकास गर्न र व्यापार तथा नागरिक उड्डयन सम्बन्धको विस्तार गर्न नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको सहयोगलाई प्रोत्साहन र समर्थन गर्नेछन् ।

धारा–७

जनवादी गणतन्त्र चीन सरकार श्री ५ को सरकार, नेपालद्वारा ल्हासामा महावाणिज्यदूतावास खोल्नमा मञ्जूर गर्दछ ।

श्री ५ को सरकार, नेपाल जनवादी गणतन्त्र चीन सरकारद्वारा काठमाडौंमा महावाणिज्यदूतावास खोल्नमा मञ्जूर गर्दछ ।

धारा–८

१. दुई सरकारका स्थानीय अधिकारीहरू बीचको मित्रता मजबूत तुल्याउन र दुई देशका सीमावर्ती बासिन्दाहरू बीच आपसी सम्बन्धका सम्बन्धमा उत्पन्न समस्या समयमा नै समाधान गर्नका लागि दुई सरकारका सीमावर्ती जिल्लाका स्थानीय अधिकृतहरूले आवश्यकता अनुसार बैठकहरू गर्न सक्नेछन् ।

२. प्रत्येक बैठकको स्तर, समय, स्थान र सम्बन्धित अन्य कुराहरू दुई सरकारका स्थानीय अधिकारीहरू आफैले आपसमा सर-सल्लाह गरी निर्णय गर्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

३. त्यस्ता बैठकहरूका लागि अर्को देशमा यात्रा गर्ने प्रत्येक सरकारका स्थानीय अधिकारीहरूले बैध राहदानी वा तिनीहरूको स्थानीय अधिकारीहरूबाट जारी गरिएको परिचयात्मक लिखत र अर्को देशको सीमावर्ती चौकीमा अध्यागमन अधिकृतबाट जारी गरिएको प्रवेशाज्ञा लिनेछन् ।

धारा–६

१. वर्तमान सम्झौता लागू भएपछि श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच सम्पन्न भएको २ मे, १९६६ को नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत बीचको व्यापार, आपसी सम्बन्ध र तत्सम्बन्धी प्रश्नहरू सम्बन्धी सम्झौता र सो सम्झौतालाई विस्तार गर्ने सम्बन्धमा ३० अप्रिल, १९७६ र ३० अप्रिल, १९८६ मा आदान-प्रदान गरिएका पत्रहरू खारेज हुनेछन् ।

२. वर्तमान सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र दश वर्षको अवधिको लागि कायम रहनेछ । यदि कुनै सरकारले वर्तमान सम्झौतालाई संशोधन वा विस्तार गर्ने प्रस्ताव राखी अर्को सरकारको सहमति पाउँछ भने, त्यसको अन्त्य हुनु ६ महिनाअघि वर्तमान सम्झौताको संशोधन वा विस्तारका सम्बन्धमा दुई सरकारहरूले वार्ता गर्न सक्नेछन् ।

नेपाली, चीनीया र अंग्रेजी भाषाका प्रतिहरूमा पईचिङमा १ अगष्ट, १९८६ का दिन सबै प्रतिहरू समान रूपले प्रामाणिक हुने गरी हस्ताक्षर भयो । परस्पर बाझिएको अवस्थामा अंग्रेजी प्रति मान्य हुनेछ ।

| | |
|---|---|
| श्री ५ को सरकार, नेपालको सर्वाधिकार सम्पन्न अधिकारी | जनवादी गणतन्त्र चीन सरकारको सर्वाधिकार सम्पन्न अधिकारी. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८०

# AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA ON TRADE, INTERCOURSE AND RELATED QUESTIONS BETWEEN NEPAL AND THE TIBET AUTONOMOUS REGION OF CHINA

His Majesty's Government of Nepal and the Government of the People's Republic of China,

Being desirous of further developing the friendly and good-neighbourly relations between the two countries,

Reaffirming the Five Principles, i. e.,

1. Mutual respect for each other's sovereingty and territorial integrity,
2. Mutual non-aggression,
3. Non-interference in each other's internal affairs,
4. Equality and mutual benefit, and
5. Peaceful co-existence,

as the fundamental principles guiding the relations detween the two countries,

Desiring to develop on the basis of these principles the traditional friendly relations between the peoples of the two countries, and particularly between the people of Nepal and the inhabitants of the Tibet Autonomous Region of China,

Have agreed to conclude the present Agreement on the basis of the Agreement Between His Majesty's Government of Nepal and the Government of the People's Republic of China on Trade, Intercourse and Related Questions Between Nepal and the Tibet Autonomous Region of China signed by the two Governments on 2 May 1966.

After friendly consultations, the two Governments have agreed upon the following:

## Article I

The two Governments agree that the movement of persons between Nepal and the Tibet Autonomous Region of China shall be governed by the following provisions:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1. Diplomatic personnel, civil servants and other nationals (except those covered by paragraphs 2, 3, 5 and 6 of this Article) of either country going to the other country shall hold valid passports issued by their own country and visaed by the other country. Nationals of either country entering Nepal or the Tibet Autonomous Region of China via a third country shall also hold valid passports issued by their own country and visaed by the other country.

2. Traders of either country known to be customarily and specially engaged in trade between Nepal and the Tibet Autonomous Region of China (not being those persons covered by paragraph 3 of this Article), their wives and children dependent upon them for livelihood and their attendants shall hold valid passports issued by their own country and visaed by the other country or other certificates issued by their own Government or its duly authorized agency.

3. Inhabitants of the border districts as specified by either side in future (hereinafter referred to as border inhabitants) who proceed to the border districts of the other country to carry on petty trade, to visit friends or relatives, or for seasonal change of residence shall hold border inhabitant certificates issued by concerned authority and register at the border checkpost or the first encountered duly authorized government agency of the other country before carrying out activities in the border districts, provided that existing practices may continue until such specification. However, they shall not be allowed to proceed to the interior of the other country.

4. Border inhabitants who travel beyond border districts of the other country and other nationals shall hold valid passports issued by their own country and visaed by the other country.

5. Among religious believers of either country who travel for the purpose of pilgrimage, those who are inhabitants of the border districts and travel within the border districts of the other country shall hold border inhabitant certificates; those who travel beyond border districts of the other country and those who are not inhabitants of the border districts shall hold valid passports issued by their own country and visaed by the other country or shall hold certificates for pilgrimage issued by local government of their own country.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Religious believers of either country shall register at the border check-post or the first encountered duly authorized government agency of the other country and obtain permits for pilgrimage.

6. Porters, muleteers, drivers of motor vehicles and artisans of either country shall hold border inhabitant certificates or certificates valid for a period of not more than one year issued by the local government of their own country or by its duly authorized agency and register at the border checkpost of the other country. After obtaining permission, they may conduct activities within designated areas. Motor vehicles of either country may, after obtaining permission of the other country, enter into appropriate places of the other country.

7. Border inhabitants of both countries while travelling across the border shall use routes and entry points designated by local authorities of border administration.

8. Government officials, pilgrims, traders and tourists of both countries shall have the facility of engaging the means of transport at normal and reasonable rates.

9. Notwithstanding the provisions of the foregoing paragraphs of this Article, either Government may refuse entry in its territory to any particular person, if it deems this necessary.

10. Nationals of either country who enter the territory of the other country in accordance with the foregoing paragraphs of this Article may stay within the territory of the other country only after complying with the procedures specified by the other country.

Article II

The two Governments agree that pilgrimage between Nepal and the Tibet Autonomous Region of China shall be maintained, and for this purpose have agereed on the following provisions:

1. The local authorities concerned of either country shall suitably facilitate the entry into or departure from its territory of pilgrims from the other country.

2. Pilgrims of either country entering or leaving the territory of the other country shall comply with the procedures specified in Article I paragraph 5 of the present Agreement.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८३

3. The personal luggage and articles as specified by the laws of either country and used for pilgrimage carried by pilgrims shall be exempted from duties by both Governments.

Article III

Subject to the procedures to be mutually agreed open, the two Governments agree to make full use on a reciprocal basis of the Lhasa—Kathmandu Highway to develop cooperation between the two countries in trade, tourism and other fields.

Article IV

In order to ensure the peaceful living and normal pursuits of either country's nationals in the territory of the other and promote the development of friendship between the two countries, the two Governments have agreed on the following:

1. The respective Government shall protect the life, property and legitimate interests of the nationals of the other country in its territory.

2. Nationals of either country are not allowed to engage without permission or mutual consent in such activities as herding, grazing, farming, hunting, felling trees and picking medicinal herbs in the territory of the other country.

3. Nationals of one country in the territory of the other shall be subject to the jurisdiction of the Government of the host country and abide by its laws and regulations, pay taxes and respect the local customs.

4. All civil and criminal cases or disputes in the territory of either country involving nationals of the other country shall be handled by the governmet of the host country.

5. Livestock, plants and their products of either country should be quarantined before being taken out of the country and quarantine regulations of the host country should be observed conscientiously after they are brought into its territory.

Article V

1. The two Governments shall encourage and support the development of economic and trade relations between Nepal and



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9८8

the Tibet Autonomous Region of China. The authorities concerned of either country shall protect the legitimate interests of the traders of the other country in its territory and facilitate their business activities. The traders of either country in the territory of the other must abide by the relevant laws and regulations and shall be subject to the jurisdiction of the host country.

2. The two Governments should promote traditional petty trade across the border between Nepal and the Tibet Autonomous Region of China. When carrying on trade, border inhabitants and traders of either country shall enter and exit from the entry points and routes designated by the local authorities concerned of the other country and engage in trade in designated places. The local authorities concerned should give facility and protection to the border inhabitants of the other country engaged in such normal petty trade based on barter.

Article VI

The two Governments shall encourage and support cooperation between Nepal and the Tibet Autonomous Region of China in developing tourism and economic and technological cooperation and expanding trade and civil aviation links.

Article VII

The Government of the People's Republic of China agrees to the establishment of a consulate-general in Lhasa by His Majesty's Government of Nepal.

His Majesty's Government of Nepal agrees to the establishment of a consulate-general in Kathmandu by the Government of the People's Republic of China.

Article VIII

1. In order to strengthen the friendship between the local officials of the two Governments and settle in time problems arising in the intercourse between the border inhabitants of the two countries, the local officials of the border districts of the two Governments may hold meetings as and when necessary.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2. The rank, time, place and other matters concerning each meeting shall be decided through consultations between the local officials concerned of the two Governments themselves.

3. Local officials of either government, who travel to the other country for such meetings will hold valid passports, or identification documents issued by their local authorities and visaed by the immigration officials of the other country at the border checkpost.

Article IX

1. The present Agreement, upon coming into force, abrogates the Agreement between His Majesty's Governemnt of Nepal and the Government of the People's Republic of China on Trade, Intercourse and Related Questions Between Nepal and the Tibet Autonomous Region of China of 2 May 1966 and also the letters exchanged in April 30, 1976 and April 30, 1986 concerning the extention of the same Agreement.

2. The present Agreement shall come into force on the date of its signing and shall remain in force for a period of ten years. Amendment or extension of the present Agreement may be negotiated by the two Governments six months before its expiration, if either Government proposes to amend or extend the present Agreement and obtain the consent of the other Government.

Done in duplicate in Beijing on 1 August 1986 in the Nepali, Chinese and English languages, all texts being equally authentic. In case of divergence the English text shall prevail.

| | |
|---|---|
| (Signed) Plenipotentiary of His Majesty's Government of Nepal | (Signed) Plenipotentiary of the Government of the People's Republic of China. |

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

उपसचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।